नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७७ फागुन महिनाको कार्यसम्पादनसम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-१ अंक-८

## १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्बर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान,संरक्षण,प्रवर्धन र परिपूर्तिका लागिआवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रसार प्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषदले २०७७ फागुन महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका ४०० (१०२ बालक, २९८ बालिका) जना बालबालिकाको खोजतलास गरी १४४ (३९ बालक, १०५ बालिका) जना बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने २५६ जना बालबालिका (६३ बालक र १९३ बालिका)को खोजतलास कार्य जारी रहेको छ । यसका साथै श्रावण महिनादेखि हालसम्म हराएका १५२५ जना बालबालिका (३४४ बालक र ११८१ बालिका) मध्ये ८१० जना बालबालिका (१८४ बालक र ६२३ बालिका) फेला परेका छन् भने ७१५ (बालक १६० र बालिका ५५५) बालबालिकाको खोजीकार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा ३४ जना (बालक १९, बालिका १५) बालबालिका फेला परेका थिए । जसमध्ये १५ जना बालबालिका (बालक ६, बालिका ९)लाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १९ जना बालबालिका (बालक १३, बालिका ६) लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।



(ख) यस महिनामा ६५ जना सडक बालबालिका (बालक ५८ र बालिका ७)को उद्धार गरिएको छ । संरक्षणमा राखिएका मध्ये १३ जना (बालक ७ र बालिका ६)लाई परिवारमा पुनर्मिलन गरिएको छ । ५७ जना बालबालिका (५४ बालक र ३ बालिका)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षणको व्यवस्थापन गरिएको छ । यस आर्थिक वर्षको हालसम्म सडकबाट उद्धार गरिएका २५१ जना (२२२ बालक र २९ बालिका) बालबालिका रहेका छन् । जसमध्ये २१४ जना (बालक १९५ र १९ बालिका) बालबालिकाको संस्थागत संरक्षणमा राखिएको छ भने ३१ जना (२१ बालक र १० बालिका) बालबालिकाको पारिवारिक पुर्नमिलन गरिएको छ ।


(ग) परिषद्ले विभिन्न ११ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १२ वटा बाल हेल्पलाईन नं. १०९८ मार्पmत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार मोरङ्बाट ३, सुनसरीबाट १, उदयपुरबाट ४, मकवानपुरबाट १०, काठमाडौंबाट ४, सुर्खेतबाट १३, दैलेखबाट ९, कैलाली ५, बाँके ४, बाराबाट ५ जना गरी कूल ६१ जना (बालक २०, बालिका ४१) जोखिम, हिंसा तथा दुव्र्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ४१ बालबालिका (बालक १६ र बालिका २५) लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना १२ जना (बालक ३ र बालिका ९)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने संस्थागत रुपमा ६ जना बालबालिका (१ बालक र ५ बालिका)लाई पुर्नस्थापना गरिएको छ । चालु आ.व.को फागुन मसान्तसम्म कुल ५८५४ जना बालबालिका (बालक २२९४, बालिका ३५६०)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छ—

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोग | १०३ | १६४ | २६७ |
| २. | मनोसामाजिक मनोविमर्श | ६२२ | ८२० | १४४२ |
| ३. | पारिवारिक परामर्श | ५०० | ८१४ | १३१४ |
| ४. | कानूनी परामर्श | ७९ | २९९ | ३७८ |
| ५. | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ४७७ | ५०९ | ९८६ |
| . | शैक्षिक सहयोग | २४७ | ४२१ | ६६६ |
| ७. | बाल विवाह रोकथाम सहयोग | ३१ | १४४ | १७५ |
| ८. | आय आर्जन सहयोग | १३ | ३४ | ४७ |
| ९. | अन्य सहयोग | २२४ | ३५५ | ५७९ |
| | जम्मा | २२९४ | ३५६० | ५८५४ |

(घ) परिषदले ललितपुर जिल्लाका ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिकाका २५ वटा बालगृहमा स्थलगत अनुगमन गरी ती बालगृहहरूमा आश्रित रहेका४३२ जना बालबालिका (१७२ बालक र २६० बालिका)को अवस्था अनुगमन गरेको छ । २५ वटा बालगृहमा संरक्षित ४३२ जना बालबालिका मध्ये बाबुआमा दुवै अभिभावक नभएका १३६ जना, बुवा मात्र भएका ७० जना, आमा मात्रै भएका १४४ जना, बुवाआमा दुवै भएर पनि बालगृहमा रहेका ८२ जना जना बालबालिका रहेका छन् । २५ वटा मध्ये १५ वटा बालगृहले वैदेशिक अनुदान लिएको तर ११ वटा बालगृहले मात्र समाजकल्याण परिषद्वाट स्वीकृति लिएको देखिन्छ भने १० वटा बालगृहले स्वदेशी दाताबाट सहयोग लिएर सञ्चालन गरेको देखिन्छ । ५ वटा बाल गृहको भने भरपर्दो आर्थिक स्रोत देखिएको छैन । अनुगमन गरिएका मध्ये ९ वटा मापदण्ड अनुसार सञ्चालनमा रहेका छन् भने पूर्ण रूपमा मापदण्ड अनुसार सञ्चालनमा नरहेको तर सुधार गर्न सक्ने १६ वटा बालगृहहरूलाई सुधारका लागि निर्देशन दिइएको छ ।

ङ) मिति २०७७ फागुन १९ गते काठमाडौंको सडकमा वेवारिस अवस्थामा रहेका अन्दाजी २ र ५ महिनाका २ जना शिशुलाई राष्ट्रिय बाल अधिकार परिषद् र बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को समन्वयमा नेपाल बाल संगठनमा संरक्षण व्यवस्थापन गरिएको छ । बालबालिका परित्याग गर्नेलाई कानूनी कार्रवाहिका लागि खोजी जारी रहेको छ ।

च) मिति २०७७ फागुन १९ गते राष्ट्रिय बाल अधिकार परिषद्द्वारा, बालबालिका खोजतलास समन्वय केन्द्र(१०४), तारकेश्वर नगरपालिका, तारकेश्वर नगरपालिका वडा नं ६ को कार्यालय, प्रहरी चौकी धर्मस्थली लगायतका निकायहरूका पदाधिकारी तथा कर्मचारीहरूको रोहवरमा काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका वडा नं ६ धर्मस्थली अष्टनारायण टोल स्थित कानूनी व्यवस्था तथा मापदण्डहरूको पालना नगरी सञ्चालित लाइट फर नेशन नामक संस्थाबाट ८ (७ बालक, १ बालिका) जना बालबालिकाको उद्धार गरिएको छ ।



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

बाल गृहबाट बालबालिका उद्धार गरिएको सम्बन्धमा परिषद्को

प्रेस विज्ञप्ति

बालबालिका सम्बन्धी ऐन, २०७५ र आवासीय बाल गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ मा भएका कानुनी व्यवस्था तथा मापदण्डहरुको पालना नगरी काठमाडौं जिल्लाको तारकेश्वर न.पा. वडा नं. -६ धर्मस्थली अष्टनारायण टोल स्थित सञ्चालित लाइट फर नेशन नामक संस्थाबाट सञ्चालन गरिएको बाल गृहमा रहेका र स्थायी घर अदानचुली गाउँपालिका वडा नं. -५ र -६ भएका ८ जना बालबालिका (बालक ७ र बालिका १)लाई राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), तारकेश्वर नगरपालिका, तारकेश्वर न.पा. वडा नं. -६ कार्यालय, प्रहरी चौकी धर्मस्थली लगायतका निकायहरुका पदाधिकारी तथा कर्मचारीहरुको रोहवरमा उद्धार गरी सोको आवश्यक व्यवस्थापनको लागि राष्ट्रिय बाल अधिकार परिषद्ले समन्वय, सहयोग र सहजीकरण गर्नेछ ।

उल्लिखित बाल गृहबाट उद्धार गरिएका बालबालिकाको लेखाजोखा तथा घर परिवार पहिचान गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी सम्बन्धित परिवारमा पुनर्मिलन गरिने छ । कानून बमोजिम बाहेक बाल गृहमा बालबालिका राख्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा मानी यस्तो कार्य गर्ने जो कसैलाई पनि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२ उपदफा (२) को खण्ड (क) बमोजिम पचास हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद हुने व्यहोरा जानकारी गराउँदै यस्तो कार्य कसैले पनि नगर्न नगराउन राष्ट्रिय बाल अधिकार परिषद् हार्दिक अनुरोध गर्दछ ।

फागुन १९, २०७७

रामबहादुर चन्द
अधिकृत/सूचना अधिकारी

"विपद्मा बाल अधिकारको सुनिश्चितता: हाम्रो सबैको साझा प्रतिबद्धता"

फोन नं. : ०१-५५५०१२१, ५५५०१४७
Tel. : 01-5550121, 5550147
फ्याक्स : ९७७-१-५५२७५९१
Fax : 977-1-5527591
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

छ) मिति २०७७ फागुन २६ गते नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउने अभियान अन्तर्गत कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) सँगको सहकार्यमा सुर्खेतबाट ३ जना सडक बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण केन्द्रमा संरक्षण व्यवस्थापन गरेको छ ।

ज) मिति २०७७ फागुन २८ गते सामाजिक सञ्जालमा "दिउसो सडकमा मागेर खान्छन् अनि भैंसिको गोठमा रात बिताउदै छन् यी बालकहरू" शीर्षकमा DCnepal नामक च्यानलमा प्रशारण भएको भिडियोको आधारमा परिषद्ले बाल हेल्पलाइन १०९८, चितवनसँगको समन्वयमा जिल्ला प्रहरी कार्यालय चितवन, फोटो र भिडियो बनाउने व्यक्ति (विजय भूसाल), वडा प्रहरी कार्यालय र स्थानीय व्यक्तिहरू समेतको सहयोग र सहकार्यमा २०७७ फागुन २९ गते ५ जना बालबालिकाको उद्धार गरी बाल हेल्पलाइन, चितवनको अस्थायी संरक्षण सेवामा संरक्षण व्यवस्थापन गरिएको छ ।

(झ) यस महिनामा विशेष संरक्षणको आवश्यकता भएका ८ (बालक ५, बालिका ३) जना बालबालिकालाई आर्थिक सहयोग गरिएको थियो जसमध्ये मृगौला फेला भएका १ जना, शैक्षिक सहयोग प्रदान गरिएको २ जना, हडेडी सम्बन्धी समस्या भएका १ जना, ब्लड क्यान्सर भएका ३ जना र हातको समस्या भएका १ जना रहेका थिए । ४ (बालक १, बालिका ३)जना बालबालिकालाई अस्थायी संरक्षण सेवाका लागि सिफारिस गरिएको छ ।

## ४. समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७७ फागुन ३ गते राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षकबीच वैठक सम्पन्न भएको थियो । उक्त वैठकमा नेपाल प्रहरी र राष्ट्रिय बाल अधिकार परिषद् बीच समन्वय र सहकार्यका क्षेत्रहरूको विषयमा छलफल गरी बालबालिका खोजतलास सेवा १०४ को प्रदेश स्तरमा संरचना निर्माण, नेपाल प्रहरी प्रतिष्ठानबाट प्रवाह हुने तालिम सामग्रीमा बाल अधिकारका विषय समावेश गर्ने, नेपाल प्रहरीमा बाल संवेदनशीलता अभिवृद्धि सम्बन्धी छलफल हुनुका साथै साझा धारणा तयार भै नेपाल प्रहरी सहितको उच्च स्तरीय समन्वय बैठक आयोजना गर्ने तथा बालबालिका खोजतलास सेवा सम्बन्धी अभिमूखीकरणमा सम्बोधन गर्ने विषयमा छलफल गरिएको छ।

ख) मिति २०७७ फागुन ४ गते नेपाल प्रहरी, प्रहरी प्रशिक्षण प्रतिष्ठानको समन्वय र राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा, विभिन्न जिल्लाहरूका नेपाल प्रहरीको महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान कार्यमा कार्यरत २२ जना प्रहरी अधिकृतहरूसँग राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरीको सहकार्यमा सञ्चालित बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को सेवा प्रवाह प्रभावकारिता, बालबालिका खोजतलास सेवाको सवलीकरण तथा बालबालिका विरुद्ध हुने अपराध रोकथाम लगायत समग्र बालसंरक्षणको संरचना तथा कार्यान्वय प्रणालीको विषयमा छलफल तथा अन्तक्रिया राष्ट्रिय बाल अधिकार परिषद्मा सम्पन्न भएको थियो ।



ग) मिति २०७७ फागुन ५ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकबाट परिषद् र राष्ट्रिय महिला आयोग बीचको सहकार्य सम्बन्धमा आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरू र सचिवसँग आयोगको कार्यालयमा समन्वय वैठकससम्पन्न गरिएको थियो । वैठकमा विशेष संरक्षणको आवश्यकता भएका, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार, संरक्षण, व्यवस्थापन तथा बालबालिका खोजतलास समन्वय केन्द्र १०४, बाल हेल्पलाइन १०९८ र महिला हेल्पलाइन ११४५ बीचको सहकार्य र रेफरल प्रणाली लगायत राष्ट्रिय महिला आयोग र परिषद् बीचको सहकार्यका क्षेत्रहरूको सम्बन्धमा छलफल गरी आगामी दिनमा जोखिममा परेका बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि कानूनी, नीतिगत तथा कार्यक्रमहरूमा एकरुपता कायम गरी सहकार्यमा काम गर्ने विषयमा समबुझाई कायम गरिएको छ ।



घ) मिति २०७७ फागुन ६ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकबाट परिषद् र राष्ट्रिय समावेशी आयोग बीचको सहकार्य सम्बन्धमा आयोगका माननीय कार्यवाहक अध्यक्ष र माननीय सदस्यहरूसँग आयोगको कार्यालयमा समन्वय वैठक सम्पन्न गरिएको थियो । वैठकमा बालश्रममा रहेका बालबालिकाको उद्धार, संरक्षण, व्यवस्थापन, अनाथ बालबालिकाको संरक्षण, बालविवाह रोकथाम तथा न्यूनीकरणका लागि राष्ट्रिय समावेशी आयोग र परिषद् बीचको सहकार्यका क्षेत्रहरूको सम्बन्धमा छलफल गरी आगामी दिनमा संयुक्त कार्ययोजना बनाई सहकार्य गर्ने विषयमा छलफल गरिएको थियो ।



(ङ) मिति २०७७ फागुन ६ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकको संयोजकत्वमा परिषद्द्वारा जोखिमपूर्ण काममा संलग्न बालबालिकाको उद्धार तथा व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम, रोजगार तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम तथा रोजगार, यातायात व्यवस्था विभाग, महानगरीय प्रहरी परिसर, बाल हेल्पलाईन १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ लगायतका निकायबाट १५ जनाको उपस्थितिमा जोखिमपूर्ण काममा रहेका बालबालिकाको स्थिति बारे नक्शाङ्कन, उद्धार तथा अस्थायी संरक्षण प्रवन्ध र घटना व्यवस्थापन लगायतका विषयहरूमा छलफल गरिएको थियो । हाल उद्धार कार्य जारी रहेको छ ।



च) मिति २०७७ फागुन १० गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा स्थानीय तहमा बाल अधिकारको सुनिश्चितताका लागि बागमती प्रदेशस्तरीय अन्तक्रिया गोष्ठी कार्यक्रम सम्पन्न गरिएको थियो । परिषद्का कार्यकारी निर्देशकको अध्यक्षता तथा बागमती प्रदेश सरकारका माननीय मुख्य मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा बागमती प्रदेशका १३ वटा जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय अधिकारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालयका उपसचिव, गाँउपालिका महासंघका अध्यक्ष, प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक, राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य, प्लान इन्टरनेसनल नेपालका प्रतिनिधि लगायत ५१ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहमा अनिवार्य कार्यान्वयन गर्नुपर्ने कानूनी, नीतिगत, संरचनागत व्यवस्था सम्बन्धी जिल्ला स्तरीय अन्तत्रिmया जिल्ला समन्वय समितिले आयोजना गर्ने, साथै आफ्नो जिल्ला भित्रका सबै पालिकामा सोही बमोजिम कार्यान्वयन भए नभएको अनुगमन, सहजीकरण तथा समन्वय गर्ने र सो को जानकारी परिषद्मा गराउने तथा प्रदेश सुशासन केन्द्रबाट प्रवाह हुने तालिम सामग्रीहरूमा बाल अधिकारका विषयहरू समावेश गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।



छ) मिति २०७७ साल फागुन १२, १३ र १४ गते राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य तथा बालगृह अनुगमन उपसमितिका संयोजक श्री सुन्दर लामिछानेज्यूको अध्यक्षतामा काठमाडौं जिल्लाका ३ वटा  नगरपालिका (शंखरापुर, कागेश्वरी मनोहरा र गोकर्णेश्वर), ललितपुर जिल्लाका ३ वटा पालिका (ललितपुर महानगरपालिका, महालक्ष्मी नगरपालिका र गोदावरी नगरपालिका)मा सञ्चालित १०२ वटा बालगृहका १२० जना पदाधिकारी, व्यवस्थापक र कर्मचारीलाई सम्बन्धित पालिकाका बालबालिका शाखा हेर्ने प्रमुख एवं प्रतिनिधिज्यूहरूको आतिथ्यतामा बालबालिका सम्बन्धी विद्यमान् कानूनी व्यवस्था र बालगृह सञ्चालन सम्बन्धी प्रचलित मापदण्डको बारेमा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । परिषद्का सदस्य तथा बालगृह अनुगमन समितिका संयोजक श्री सुन्दर लामिछानेज्यू र परिषद्का कार्यकारी निर्देशकज्यूले कार्यक्रममा उठेका सुझाव र जिज्ञासाहरू जस्तैः जन्मदर्ताको सवाल, नागरिकताको विषय, बालगृहको अनुगमनमा एकरुपता, सञ्चालन अनुमतिका विषय लगायत अन्य सवालहरूको सम्बोधन गर्नु भएको थियो ।



ज) मिति २०७७ फागुन १७ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री जुलीकुमारी महतोज्यूलाई राष्ट्रिय बाल अधिकार परिषद्को कार्यालयमा परिषद्बाट हालसम्म सम्पन्न भएका क्रियाकलापहरूको प्रगति समीक्षा तथा आगामी कार्ययोजनाको बारेमा जानकारी गराइएको थियो ।



झ) मिति २०७७ फागुन १९ र २० गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री जुली कुमारी महतोज्यूको संयोजकत्वमा, राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका बालसंरक्षण तथा विकास शाखा प्रमुखले गण्डकी प्रदेशमा सञ्चालित बाल संरक्षण सम्बन्धी संरचनाहरू मध्ये राष्ट्रिय बाल अधिकार परिषदमा सूचीकृत भई सडक बालबालिका उद्धार, संरक्षण र व्यवस्थापनमा सहकार्यरत संस्थाहरू चिल्ड्रेन नेपाल, बाल हितकारी परियोजना (सि.डब्लु.एस.एन) तथा बाल सुधार गृह र बाल हेल्पलाइन (१०९८) नेपाल, कास्कीको अनुगमन गर्नुभएको छ । अनुगमनको क्रममा बाल सुधारगृहमा रहेका बालबालिका, सडक बालबालिका सम्बन्धी अस्थायी संरक्षण केन्द्रमा रहेका तथा बाल हेल्पलाइन (१०९८) मा रहेका बालबालिकाको अवस्थाको जानकारी लिनुका साथै सञ्चालनमा रहेका बाल संरक्षण सम्बन्धी संरचनाहरूको प्रभावकारिता र क्षमता अभिबृद्धि गर्न लगायत राष्ट्रिय बाल अधिकार परिषद्सँगको निकटतम् समन्वयमा बालबालिकाको घटना व्यवस्थापन प्रक्रिया अनुसार बालबालिकाको संरक्षण र व्यवस्थापन गर्न निर्देशन दिनुभएको छ ।




ञ) मिति २०७७ फागुन २५ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकको नेतृत्वमा रहेको  टोलीले सुर्खेत जिल्लामा सडक बालबालिकाको व्यवस्थापनका लागि सूचीकृत भैरव युवा सशक्तिकरण केन्द्रमा आश्रित बालबालिकाको अवस्था अनुगमन गरी बालबालिकाको पारिवारिक पुर्नमिलनका लागि पृष्ठपोषण प्रदान गर्नुका साथै परिषद्सँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो । यसका साथै सोही दिन सुर्खेत जिल्लामा बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त आवाज

संस्था सुर्खेतबाट प्रवाहित बाल हेल्पलाइन सेवाको अनुगमन गरी तथ्याङ्क व्यवस्थापन, समन्वय तथा प्रतिवेदन प्रणालीको विषयमा पृष्ठपोषण समेत प्रदान गरिएको थियो ।



ट) मिति २०७७ फागुन २५ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक सहितको उपस्थितिमा कर्णाली प्रदेश तथा अन्तर्गतका जिल्लाहरूमा कार्यरत विकास साझेदार, गैर सरकारी संस्था तथा नागरिक समाजका प्रमुख एवम् प्रतिनिधि लगायत २२ जनाको उपस्थितिमा कर्णाली प्रदेशमा बालबालिकाका सवालहरू र सो सवाल सम्बोधनका लागि राष्ट्रिय बाल अधिकार परिषद्सँगको अपेक्षित भूमिकाको विषयमा छलफल गरिएको थियो । छलफलमा कर्णाली प्रदेशमा बाल अधिकार सुनिश्चितताका लागि विकास साझेदार, गैसस तथा नागरिक संघसंगठनबाट कार्यक्रमिक प्रतिबद्धता समेत व्यक्त गरिएको थियो ।



ठ) मिति २०७७ फागुन २६ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजना वीरेन्द्रनगर नगरपालिका सुर्खेतको समन्वयमा नगरपालिका प्रमुख श्री देव कुमार सुवेदीको अध्यक्षता तथा राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलको प्रमुख आतिथ्यातामा समन्वय वैठक सम्पन्न भएको थियो । वैठकले वीरेन्द्रनगर नगरपालिकामा बाल अधिकार संरक्षणका लागि ३ बुँदे सहमति तथा प्रतिबद्धता समेत जारी गरेको छ । नगपालिकाको हलमा सम्पन्न भएको कार्यक्रममा बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयनको अवस्था, सुरक्षाका लागि साथसाथ परियोजनाको विषयमा जानकारी, बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी नमूना कार्याविधिमा छलफल गरिएको कार्यक्रममा स्थानीयतहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, पालिकाका महिला बालबालिका शाखाका प्रतिनिधि लगायत बालबालिकाको क्षेत्रमा क्रियासिल गैरसरकारी संस्थाका ३० जनाको उपस्थिति रहेको थियो ।



ड) मिति २०७७ फागुन २६ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा कर्णाली प्रदेश स्तरीय बालबालिका खोजतलास नं.१०४ सञ्चालन तथा बाल अधिकार प्रवद्र्धन सम्बन्धी अभिमूखीकण कार्यक्रम सम्पन्न गरिएको थियो । परिषद्का सदस्य श्री सुन्दर लामिछानेज्यूको अध्यक्षता तथा कर्णाली प्रदेश प्रहरी प्रमुख श्री बसन्त कुमार पन्तज्यूको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा परिषद्का कार्यकारी निर्देशक, कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका नि.सचिव र सामाजिक विकास मन्त्रालय सामाजिक विकास महाशाखाका प्रमुखको आतिथ्यता रहेको उक्त कार्यक्रममा कर्णाली प्रदेशका १० वटै जिल्लाका महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा प्रहरी प्रधान कार्यालय र परिषद्बाट प्रस्तुति तथा सहजीकरण गर्नुका साथै बाल संवेदनशीलता अभिवृद्धि र १०४ को प्रभावकारी सञ्चालनका विषयमा भएको बृहत छलफलमा बाल संरक्षणका लागि प्रहरीकोभूमिका विषयमा जानकारी प्रवाह समेत गरिएको थियो ।



ढ) मिति २०७७ फागुन २६ गते राष्ट्रिय बाल अधिकार परिषद् र कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयबीच समन्वय बैठक सम्पन्न भएको छ । सामाजिक विकास मन्त्रालयका सचिव तथा परिषद्का सदस्य श्री लोकनाथ पौड्यालको अध्यक्षता, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री श्री दल रावलको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा परिषद्का सदस्य लगायत कार्यकारी निर्देशकको आतिथ्यता र सामाजिक विकास मन्त्रालयका महाशाखा तथा शाखा प्रमुखहरू, परिषद् तथा बालबालिका खोजतलास समन्वय केन्द्रका कर्मचारीहरू, एक्प्याक्ट लक्जेम्वर्ग, सेलर्ड, शक्ति समूहका प्रतिनिधिहरू सहितको सहभागिता रहेको उक्त बैठकमा परिषद् र सामाजिक विकास मन्त्रालयबीच बाल अधिकार संरक्षण तथा सम्वद्र्धनका लागि समन्वय तथा सहकार्यका साझा क्षेत्रहरूको बारेमा छलफल तथा समबुझाइ कायम भएको छ ।



ण) मिति २०७७ फागुन २७ गते राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य, कार्यकारी निर्देशकसहितको नेतृत्वमा रहेको टोलीले दैलेख जिल्लामा बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त सामाजिक सेवा केन्द्र(सोसेक)बाट प्रवाहित बाल हेल्पलाइन सेवाको अनुगमन तथा बाल हेल्पलाइन र बालबालिका खोजतलास सेवाको प्रभावकारी सञ्चालनको विषयमा छलफल गरी तथ्याङ्क व्यवस्थापन, समन्वय तथा प्रतिवेदन प्रणालीको विषयमा पृष्ठपोषण प्रदान गरिएको थियो ।



त) मिति २०७७ फागुन २८ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को आयोजना तथा सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको समन्वयमा स्थानीय तहमा बालविवाह न्यूनीकरण तथा बाल अधिकार सुनिश्चितताका लागि कानूनी व्यवस्थाको कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तत्रि्mया गोष्ठी कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न भएको छ । सामाजिक विकास मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षता, माननीय सामाजिक विकास मन्त्रीज्यूको प्रमुख आतिथ्यता एवम् कर्णाली प्रदेशका सबै जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उप—प्रमुख तथा जिल्ला समन्वय अधिकारीहरू, सुर्खेत जिल्लाका सबै स्थानीय तहका प्रमुखहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवम् राष्ट्रिय बाल अधिकार परिषद् परिवार, संयुक्त राष्ट्र संघीय निकाय, विकास साझेदारका प्रतिनिधिहरू, पत्रकार लगायत ४८ जनाको सहभागितामा सम्पन्न गोष्ठीले कर्णाली प्रदेशमा बालविवाह अन्त्य तथा स्थानीय तहमा बाल अधिकार सुनिश्चितताका लागि ३ बुँदे प्रतिबद्धता समेत जारी गरेको छ ।



थ) मिति २०७७ फागुन २९ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजना तथा बाल हेल्पलाईन नं.१०९८ ईलाम, मोरङ, सुनसरी, उदयपुर, संखुवासभा र धनुषाको सहकार्यमा बाल हेल्पलाईनका लागि ३ दिने घटना व्यवस्थापन तालिम सम्पन्न गरिएको छ । तालिममा ५ वटा बाल हेल्पलाईन सञ्चालन गर्ने सेवा प्रदायक संस्थाका प्रमुख र सामाजिक कार्यकर्ता, बालबालिका खोजतलास १०४ ईलामका प्रमुख गरी १८ जनाको सहभागिता रहेको उक्त तालिमले बालबालिकाको घटना व्यवस्थाका विषयमा बाल हेल्पलाइनका सञ्चालकहरूको क्षमता अभिबृद्धि भएको छ ।




द) २०७७ फागुन महिनामा प्रदेश नं. १ र प्रदेश नं. २ मा जिल्ला समन्वय सुनसरी, मोरङ, झापा, पाँचथर, ताप्लेजुङ, रौतहट, सिराहा, बारा र पर्सा जिल्लाको जिल्ला समन्वय समितिको आयोजना तथा राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरणमा बाल अधिकार सुनिश्चितताका लागि जिल्ला स्तरीय छलफल कार्यक्रम सम्पन्न गरिएको भएको छ । ९ जिल्लामा सम्पन्न यस अभिमूखीकरण तथा छलफल कार्यक्रममा सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय अधिकारी, सबै पालिकाका प्रमुख÷अध्यक्ष, उप—प्रमुख÷उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत बाल अधिकारका क्षेत्रमा क्रियाशील सेवा प्रदायक संस्थाहरूका ४८१ जनाको सहभागिता रहेको थियो । कार्यक्रमबाट सबै स्थानीय तहहरूले बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन, बाल अधिकार सम्बन्धी कार्यविधि, बाल अधिकार सम्बन्धीका संरचना, बालकल्याण अधिकारीको व्यवस्था, बाल कोषको स्थापना गर्ने विषयमा प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो ।

परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात हालसम्म प्रदेश नं. १ मा ७ वटा स्थानीय तहमा बाल अधिकारको कार्यन्वयनका लागि कार्यविधि निर्माण गरी लागू गरेका छन् भने १ वटा स्थानीय तहमा बाल अधिकार समिति गठन गरिसकिएको छ ।


### जिल्ला स्तरीय कार्यक्रमको तालिका

| मिति | जिल्ला | सहभागी संख्या | छलफलको विषय |
|---|---|---|---|
| २०७७ फागुन ९ | मोरङ | ९ वटा जिल्लाका जि.स.स. प्रमुख÷उपप्रमुख, प्रशासन प्रमुख, स्थानीय तहका प्रमुख÷अध्यक्ष उपप्रमुख÷उपाध्यक्ष, प्रशाकीय प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायबाट जम्मा ४८१ जनाको सहभागिता रहेको थियो । | ९ वटा जिल्लाका १०१ वटा स्थानीय तहहरूले बाल अधिकार सम्बन्धी कार्यविधि, बाल अधिकार सम्बन्धी संरचना, बालकल्याण अधिकारीको व्यवस्था, बाल कोषको स्थापना गर्ने विषयमा लिखित प्रतिबद्धता गर्नु भएको छ । |
| २०७७ फागुन ५ | झापा | | |
| २०७७ फागुन २ | पाँचथर | | |
| २०७७ फागुन ३ | ताप्लेजुङ | | |
| २०७७ फागुन १६ र १७ | रौतहट | | |
| २०७७ फागुन १८ र १९ | सिराहा | | |
| २०७७ फागुन २० | बारा | | |
| २०७७ फागुन २१ | पर्सा | | |



## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई—पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका ४५ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिकाका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।



## कोभिड १९ र बालबालिका

(क) कोभिड—१९ को महामारी शुरू भएदेखि २०७७ फागुन २९ गतेसम्म २० वर्षसम्मका २४ हजार २ सय ५८ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका ६ हजार ४ सय ५२ जना बालबालिका (३८१० बालक र २६४२ बालिका) प्रभावित भएको देखिन्छ । प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

*राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीति योजना तथा सञ्चालित, कार्यक्रमहरूको बारेमा थप जानकारीको लागि,सूचनापरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।*


रामबहादुर चन्द

सूचना अधिकारी

राष्ट्रिय बाल अधिकार परिषद्

सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ . ९८४१३८६८७१ मो)

इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np

वेवसाइटः-www.ncrc.gov.np,

ई-पोर्टलः- www.childrights.gov.np

Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov